गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# सामाजिक विकास कार्यालय

चामे, मनाङ

## मिडियासँग सामाजिक विकास कार्यक्रम सञ्चालनका लागि निवेदन माग सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०।११।१५

यस कार्यालयको चालु आर्थिक वर्ष २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम-**मिडियासँग सामाजिक विकास कार्यक्रम** मनाङ जिल्लामा सञ्चालित विभिन्न मिडिया/रेडीयोबाट प्रचार, प्रसार, प्रकाशन एवं प्रशारण गर्ने एवं वृत्तचित्र तथा अडियो जिंगल निर्माण तथा प्रशारण गरी यस कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारीता अभिबृद्धि गर्नको लागि मनाङ जिल्लास्तरमा सञ्चालित/क्रियाशील इच्छुक मिडिया/रेडियो वा मिडियाकर्मी ब्यक्तिहरुले मिति २०८०।११।२१ गते कार्यालय समय भित्र यस कार्यालयबाट स्वीकृत कार्यक्षेत्रगत शर्तको अधिनमा रही निर्धारित ढाँचामा तपसिल बमोजिमका कागजातहरु संलग्न गरि रितपूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान र समय |
|---|---|---|---|
| १. | मिडियासँग सामाजिक विकास कार्यक्रम | रु. ५०,०००।– | सामाजिक विकास कार्यालय, चामे, मनाङ, मिति २०८०।११।२१ गते सम्म कार्यालय समय भित्र |

**<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

१. रितपूर्वकको निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. संस्था वा ब्यक्तिको योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपी,
३. संस्था वा ब्यक्तिको दर्ता/नवीकरण/मिडियाले दिएको नियुक्तिपत्र/आबद्धतापत्रको प्रतिलिपि,
४. कर चुक्ता विवरण,
५. पत्रकार महासंघ मनाङसँगको आबद्धता पत्र/परिचयपत्रको प्रतिलिपि,
७. पत्रकार महासंघ मनाङको सिफारिसपत्र,
८. स्थायी लेखा नम्बर (PAN) दर्ता को प्रतिलिपि ।

पुनश्च : रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदन दर्ता गराइने छैन । तोकिएका आवश्यक कागजात संलग्न गरी यस कार्यालयको email ठेगाना- sdomanang2078@gmail.com मा निवेदन पठाउन या कार्यालयमा पेश गर्न सक्नुहुनेछ । कार्यक्षेत्रगत शर्त र निवेदनको ढाँचा यस कार्यालयको website: www.sdomanang.gandaki.gov.np बाट download गर्न सक्नुहुनेछ ।

# मिडियासँग सामाजिक विकास कार्यक्रम सञ्चालनका लागि तयार पारिएको

## कार्यक्षेत्रगत शर्तहरू (Terms of References-TOR)


**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

# सामाजिक विकास कार्यालय

**चामे, मनाङ**

सम्पर्क नं. ९८५६०२६१२८/९८४६०५७२८३

email: sdomanang2078@gmail.com

website: www.sdomanang.gandaki.gov.np

# मिडियासँग सामाजिक विकास कार्यक्रम सञ्चालनका लागि तयार पारिएको कार्यक्षेत्रगत शर्त (TOR)

## १. पृष्ठभूमि (Background):

सञ्चार जगतलाई राज्यको चौँथो अङ्गका रुपमा परिभाषित गर्ने गरिन्छ । आजको युगलाई मिडियाको युगसमेत भन्ने गरिन्छ । मिडियाले सहि र सत्य कुरालाई जनतासामु प्रस्तुत गरिदिँदा राज्य, सरकार र सरकारका विभिन्न तह र तप्कामा बसेर काम गर्ने संस्था/ब्यक्तिको बारेमा आम जनमानसमा सकारात्मक प्रभाव पर्न गई समग्र सामाजिक जीवन नै सकारात्मक उर्जाले प्रेरित हुने गर्दछ । खासगरी मिडियाले सरकारी/सार्वजनिक सेवा प्रवाहमा भैरहेको सकारात्मक कुराको पक्षपोषण तथा ढिलासुस्ती र अनियमितताको विरुद्धमा जनतामा खबर पुऱ्याई सरकारको राम्रो कामको प्रशंसा र नराम्रो कामको विरोध गरी सरकारलाई समर्थन गर्ने र सजग तुल्याउने काम गरिरहेको हुन्छ । सरकारी क्षेत्रमा भए गरेका तथा हुने निश्चित भएका विभिन्न आयोजना तथा कार्यक्रमको बारेमा जनतालाई सुसूचित गराई जनताको सूचित हुने हकको संरक्षण र सम्मान गर्नु सरकारी/सार्वजनिक क्षेत्रको दायित्व समेत हुने गर्दछ । रेडियो, टेलिभिजन, पत्रपत्रिका, social media, तथा आम सञ्चारका माध्यमबाट सरकारी/सार्वजनिक सेवाको बारेमा जनतासम्म खबर पुऱ्याउने उद्देश्यले तीनै तहका सरकारहरुले आफू र मातहतका कार्यालयहरुमा वार्षिक रुपमा बजेट विनियोजन गर्ने गरेको पाइन्छ ।

सामाजिक विकास कार्यालयबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुको बारेमा सरोकारवालाहरुमाझ जानकारी गराई सामाजिक विकास कार्यक्रमको प्रभावकारीता अभिबृद्धि गर्नका लागि जिल्लास्तरमा सञ्चालित विभिन्न मिडिया/रेडियो कार्यक्रमबाट सङ्कलन तथा प्रवाह गर्ने उद्देश्यले सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखराले आफू मातहतका सामाजिक विकास कार्यालयहरुमा मिडियासँग सामाजिक विकास कार्यक्रम समावेश गरेको छ । यस कार्यालयको चालु आर्थिक वर्ष २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रममा **मिडियासँग सामाजिक विकास कार्यक्रम** शीर्षकमा ५० हजार रुपैयाँ विनियोजन भएको छ । यो कार्यक्रमको कार्यान्वयनको लागि यो कार्यक्षेत्रगत शर्त स्वीकृत गरी  मनाङ जिल्लामा क्रियाशील इच्छुक मिडिया/मिडियाकर्मीसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## २. कार्यक्रमको उद्देश्य (Objective of the Program) :

सामाजिक विकास कार्यक्रमको प्रचार प्रसार गरी प्रभावकारीता अभिबृद्धि गर्नु ।

## ३. कार्यक्षेत्र (Area of work)

यस कार्यक्रमको भौगोलिक कार्यक्षेत्र समग्र मनाङ जिल्ला हुनेछ भने सामाजिक विकास कार्यालय, मनाङबाट कार्यान्वयन हुने सम्पूर्ण आयोजना तथा कार्यक्रम यस कार्यक्रमले समेट्ने छ ।

## ४. कार्यक्रम कार्यान्वयन अवधि (Program Implementation Schedule):

यस कार्यक्रमको कार्यान्वयन कार्यावधी सम्झौता भएको मितिदेखि २०८० साल असार १५ सम्म वा सम्झौता बमोजिम हुनेछ ।

## ५. मिडिया (संस्था) /मिडियाकर्मी ब्यक्तिले सम्पादन गर्नुपर्ने कार्यहरु: (Jobs to be accomplished by the media/media person)

क) कार्यालयको चालु आ.व. २०८०।८१ का सम्पूर्ण कार्यक्रम तथा आयोजना एवं जिल्लामा रहेका महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति, यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक, एकल महिला, दलित समूदाय तथा पिछडिएको बर्ग र तीनको क्षेत्रमा काम गर्ने संस्था एवं ब्यक्तिसमेतलाई समेटी भिडियो डकुमेन्ट्री तयार पार्ने,

ख) कार्यालयबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको बारेमा रेडियो, पत्रपत्रिका एवं टेलिभिजन मार्फत् प्रकाशन तथा प्रशारण गर्ने,

ग) कार्यालयसँगको समन्वयमा सामाजिक/लोक कल्याणकारी विषयवस्तुलाई समेटी Audio jingle तयार पार्ने तथा रेडियोबाट प्रशारण गर्ने,

घ) सम्झौता बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. मिडिया/मिडियाकर्मीको उत्तरदायित्व:

क) भिडियो तयारीका बारेमा कार्यालयसँग समन्वय गर्ने,

ख) कार्यालयसँगको समन्वयमा भिडियोको लिपी र बिषयबस्तु तयार पार्ने,

ग) वृत्तचित्र निर्माण र प्रशोधनका लागि आवश्यक उपकरणहरु परामर्शदाता स्वयमले ब्यवस्थापन गर्ने,

घ) कार्यालयसँगको समन्वयमा भिडियो फुटेज क्याप्चर गर्ने,

ङ) कथन रेकर्ड गर्ने र भिडियोहरुको लागि पृष्ठभूमि संगीत तयार पार्ने,

च) ड्राफ्ट वृत्तचित्र तयार पारी कार्यालयलाई उपलब्ध गराउने,

छ) कार्यालयले दिएको सुझावको आधारमा भिडियोहरुलाई अन्तिम रुप दिने,

ज) समग्र विषयवस्तु समेटिएको AVI ढाँचामा ३० मिनेटको र मुख्य मुख्य भागहरु समावेश गरी १ मिनेट, ३ मिनेट र ५ मिनेटको भिन्दाभिन्दै अतिरिक्त भिडियोहरु बनाइ कार्यालयलाई डिभिडी र पेन ड्राइभमा उपलब्ध गराउने,

झ) आयोजना/कार्यक्रम/फिल्डस्तरमा खिचिएका तस्वीर तथा असम्पादित वृत्तचित्रहरुसमेत कार्यालयलाई उपलब्ध गराउने,

ञ) कार्यालयसँगको समन्वयमा लोककल्याणकारी जिंगल तयार पारी प्रशारण गर्ने र अन्य विषयमा समाचार प्रकाशन/प्रशारण गर्ने,

## ७. कार्यालयको उत्तरदायित्व:

क) आयोजना तथा कार्यक्रमका बारेमा कार्यालयमा रहेका फोटो तथा विवरणहरु उपलब्ध गराउने,

ख) आयोजना तथा कार्यक्रम सञ्चालनका बखत video capturing का लागि मिडिया/मिडिया कर्मीलाई जानकारी गराउने,

ग) आवश्यक बैठकको आयोजना गर्ने तथा समन्वय गर्ने,

घ) भिडियो निर्माण, समाचार प्रकाशन तथा जिंगलको तयारीका लागि आवश्यक विवरण उपलब्ध गराउने तथा सहयोग गर्ने ।

ङ) सम्झौता बमोजिम नियमानुसार भुक्तानी दिने,

## ८. न्यूनतम योग्यता मापदण्ड (Elibigility Criteria) :

क) मनाङ जिल्लामा सञ्चालित मिडिया संस्था भए नियमानुसार दर्ता/नवीकरण/ PAN/VAT को प्रमाणपत्र, कालोसूचीमा नपरेको स्व:घोषणापत्र तथा आ.व. २०७९।८० सम्मको करचुक्ता प्रमाणपत्र

ख) मिडियाकर्मी ब्यक्तिको हकमा:

अ) नेपाली नागरिकता प्राप्त गरेको हुनुपर्नेछ,

आ) सम्बन्धित कुनै एक मिडियाले दिएको नियुक्तिपत्र/आबद्धताको प्रमाणपत्रको प्रतिलिपि पेश गरेको हुनुपर्नेछ,

इ) मनाङ जिल्लास्तरको पत्रकार महासंघमा आबद्ध रहेको हुनुपर्नेछ,

ई) स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको हुनुपर्नेछ,

उ) न्यूनतम् एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ । माथिल्लो योग्यतालाई प्राथमिकता दिइनेछ ।

ऊ) पत्रकार महासंघ मनाङको सिफारिसपत्र संलग्न गरेको हुनुपर्नेछ ।

## ९. बजेट बाँडफाँट (Allocation of Budget)

निवेदकले बिनियोजित बजेट रु. ५० हजार यसै कार्यक्षेत्रगत शर्त बमोजिमका काम गर्न तपसिलका क्रियाकलापमा खर्च हुनेगरी लागत अनुमान पेश गर्नुपर्नेछ :

क) बृत्तचित्र निर्माण

ख) लेख रचना लेखन, प्रकाशन एवं प्रशारण

ग) लोककल्याणकारी अडियो जिंगल निर्माण एवं प्रशारण

घ) प्रशासनिक खर्च (कार्यालयको बैठक एवं मूल्याङ्कन र कर)

## १०. आवश्यक **जनशक्ति : (Required Human Resources)**

वृत्तचित्र एवं जिंगल निर्माण तथा समाचार लेखन र प्रकाशनको लागि cameraman, script writing, script वाचन, Audio/Video mixing operation, audio/video auditing लगायतका कार्य गर्न संस्थाको हकमा संस्था स्वयमले

जिम्मेवारी लिने गरी एवं ब्यक्तिको हकमा उल्लिखित सबै कामहरु आफै वा अन्य ब्यक्तिको सहयोगमा सम्पादन गर्न प्रतिबद्धता ब्यक्त गरेको हुनुपर्नेछ ।

## ११. छनौट विधि :

न्यूनतम मापदण्ड पूरा गरेको मिडिया संस्था/ मिडियाकर्मी ब्यक्ति जसले यस कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका कामहरु गर्ने प्रतिबद्धता जनाइ कार्यालयलाई विश्वस्त तुल्याउँछ उही संस्था/ब्यक्तिसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## ११. भुक्तानीको प्रक्रिया (Mode of Payment) :

मिडिया संस्था/मिडिया कर्मी ब्यक्तिले प्रकाशित समाचार, तयार पारेको जिंगल तथा बृत्तचित्रहरु एवं रकम खर्चका बिल भरपाईहरु कार्यालयमा पेश गरेपछि बिनियोजित रकम रु. ५० हजारमध्ये न्यूनतम प्रशासनिक खर्च तथा नियमानुसारका अन्य खर्च कटाई बाँकी सम्पूर्ण रकम नियमानुसार एकमुष्ठ रुपमा भुक्तानी दिइनेछ ।

## १३. मिडिया संस्था/मिडियाकर्मी ब्यक्तिले पेश गर्नुपर्ने विवरणहरु : (Documents to be submitted by the media/media person):

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) संस्था वा ब्यक्तिको योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपी,

ग) संस्था वा ब्यक्तिको दर्ता/नवीकरण/मिडियाले दिएको नियुक्तिपत्र/आबद्धतापत्रको प्रतिलिपि,

घ) कर चुक्ता विवरण,

ङ) यस कार्यक्षेत्रगत शर्तमा बमोजिमका काम गर्ने प्रतिबद्धता पत्र,

च) पत्रकार महासंघ मनाङसँगको आबद्धता पत्र/परिचयपत्रको प्रतिलिपि,

छ) पत्रकार महासंघ मनाङको सिफारिसपत्र,

ज) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

झ) कार्यक्रम सञ्चालनको कार्ययोजना ।

पुनश्च : रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका निवेदन/प्रस्ताव दर्ता गराइने छैन । थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५६०२६१२८/९८४६०५७२८३ (सूचना अधिकारी/कार्यालय प्रमुख) मा सम्पर्क राख्न सक्नुहुनेछ । कार्यक्षेत्रगत शर्त, कार्यक्रम कार्यान्वयन सम्बन्धी मापदण्ड र कार्यक्रम प्रस्ताव/निवेदनको ढाँचा यस कार्यालयको website: बाट हेर्न सक्नुहुनेछ ।

मिति: २०८०।......।.......

श्री कार्यालय प्रमुख ज्यू,

सामाजिक विकास कार्यालय,

चामे, मनाङ

## विषय: कार्यक्रम सञ्चालन गर्न पाउँ भन्ने बारे ।

मिडियासँग सामाजिक विकास कार्यक्रम कार्यान्वयनका लागि निवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी तहाँ कार्यालयको मिति २०८०।११।१५ मा प्रकाशित सूचनाबाट बेहोरा अवगत भई तोकिएको कार्यक्षेत्रगत शर्त बमोजिमका काम गर्न इच्छुक रहेको हुँदा तोकिएका कागजात संलग्न गरी यो निवेदन/प्रस्ताव पेश गरेको छु ।

**१. <u>मिडिया/मिडियाकर्मी ब्यक्तिको विवरण :</u>**

क) नाम : ..........................................................................................................................

ख) स्थायी ठेगाना :..............................................................................................................

ग) सम्पर्क नं. ................................

घ) संस्था दर्ता नं..................., दर्ता मिति ............................,दर्ता भएको निकाय ...........................

ङ) नागरिकता नं. ..........................जारी मिति .............................. जारी भएको जिल्ला .......................

च) संस्थाको हकमा उपलब्ध जनशक्ति विवरण ................................................................... (सबै उल्लेख गर्ने)

छ) ब्यक्तिको हकमा शैक्षिक योग्यता : ...............................,

ज) मिडियाकर्मी ब्यक्ति आबद्ध रहेका मिडियाहरु (पत्रपत्रिका/रेडियो/टेलिभिजन आदी)....................

झ) सम्बन्धित कामको अनुभव र वर्ष ..........................................................................................

ञ) स्थायी लेखा नम्बर (PAN) : .........................

ट) खाता रहेको बैंक....................................................., बैंक खाता नं. ................................................

## २. प्रस्तावित अनुमानित लागत विवरण: (बिनियोजित बजेट जम्मा रु. ५० हजार)

| क्र.सं. | कामको विवरण | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | बृत्तचित्र (३० मिनेट, ५ मिनेट, ३ मिनेट र १ मिनेट) एउटै इकाई मानी गणना गर्ने | | | | |
| २. | लेख तथा समाचार प्रकाशन/प्रशारण (न्यूनतम ४ वटा वा सो भन्दा बढी) | | | | |
| ३. | लोककल्याणकारी अडियो जिंगल (न्यूनतम २ वा सो भन्दा बढी) | | | | |
| ४. | प्रशासनिक खर्च (कार्यालयको बैठक, अनुगमन/मुल्याङ्कन, कर आदी) | | | | |
| | जम्मा | | | | |

## ३. कार्ययोजना :

| क्र.सं. | कामको विवरण | कार्य सम्पादन गर्ने मिति | | जम्मा लाग्ने दिन | प्रकाशन/प्रशारण हुने मिडियाको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | बृत्तचित्र निर्माण | | | | | |
| २ | लेख तथा समाचार लेखन, प्रकाशन एवं प्रशारण | | | | | |
| ३. | लोक कल्याणकारी अडियो जिंगल निर्माण | | | | | |
| ४. | सम्पूर्ण कार्य सम्पन्न गरी तोकिएको सामग्री कार्यालयमा बुझाउन प्रतिबद्ध भएको मिति | | | | | |

तोकिएको कार्यक्षेत्रगत शर्त बमोजिमका काम गर्न प्रतिबद्ध छु भनि हस्ताक्षर गर्ने:

मिडिया/मिडिया कर्मी ब्यक्तिको :

नाम:

पद :

हस्ताक्षर:

सम्पर्क नं.

**<u>संलग्न कागजातहरु:</u>**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) संस्था वा ब्यक्तिको योग्यता र अनुभवको प्रमाणपत्रको प्रतिलिपी,

ग) संस्था वा ब्यक्तिको दर्ता/नवीकरण/मिडियाले दिएको नियुक्तिपत्र/आबद्धतापत्रको प्रतिलिपि,

घ) कर चुक्ता विवरण,

ङ) पत्रकार महासंघ मनाङसँगको आबद्धता पत्र/परिचयपत्रको प्रतिलिपि,

छ) पत्रकार महासंघ मनाङको सिफारिसपत्र,

ज) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।